# बडीकेदार गाउँपालिकाको विनियोजन विधेयक, २०८३

सभाबाट स्वीकृत मिति : २०८३/३/१०

अध्यक्षबाट प्रमाणीकरण मितिः २०८३/०३/२४

बडीकेदार गाउँपालिकाको आर्थिक बर्ष २०८३।०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः

बडीकेदार गाउँपालिकाको आर्थिक बर्ष २०८३।०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बडीकेदार गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "बडीकेदार गाउँपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन सम्वत २०८३ सालको श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२.परिभाषा :

क) "गाउँ सभा" भन्नाले बडीकेदार गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले बडीकेदार गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "वडा समिति" भन्नाले बडीकेदार गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) "विषयगत शाखा" भन्नाले बडीकेदार गाउँपालिका अन्तर्गतको शाखा, आयोजना, ईकाई, कार्यालय तथा अन्य प्रशासनिक ईकाई समेतलाई सम्झनु पर्दछ ।

ङ) "सञ्चित कोष" भन्नाले बडीकेदार गाउँपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३. आर्थिक वर्ष २०८३।०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०८३।०८४ को निमित्त बडीकेदार गाउँ कार्यपालिका, वडा समिति तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरि जम्मा रकम रु. ५८,८७,५०,०००।- (अक्षेरुपी अन्ठाउन्न करोड सतासी लाख पचास हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४. विनियोजनः

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३।०८४ को निमित्त बडीकेदार गाउँपालिका, गाउँ कार्यपालिका कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिका कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको

रकममध्ये कुनै कार्यक्रम/खर्च शिर्षक बजेटमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा वा कुनै खर्च शिर्षकहरु विनियोजित बजेट खर्च नहुने अवस्था देखिएमा कुनै अर्को कार्यक्रम शिर्षकमा गाउँ कार्यपालिकाको बैठकबाट २५ प्रतिशत नबढ्ने गरि बजेट खर्च शिर्षक नै रकमान्तर गर्न वा सार्न सकिने छ ।

(३) कुनै कार्यक्रम/खर्च शिर्षकमा विनियोजन गरिएको बजेट शत प्रतिशत कार्यान्वयन/खर्च नहुने देखिएमा वा २५ प्रतिशत भन्दा बढी रकमान्तर गर्नु परेमा गाउँ सभाबाट निर्णय गरि पुँजीगत तर्फको पुँजीगत र चालु तर्फको चालुमा बजेट सार्न, निकासा गर्न र खर्च गर्न वा योजना संशोधन गर्न सकिनेछ ।

(४) पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएता पनि पुँजिगत तर्फको विनियोजित कार्यक्रम/खर्च शिर्षक बजेट चालुतर्फ वा चालुतर्फको कार्यक्रम तथा खर्च शिर्षक बजेट पुँजिगत तर्फको कार्यक्रम तथा खर्च शिर्षक बजेटमा सार्नु परेमा गाउँ सभाले निर्णय गर्नुपर्नेछ ।

**५.वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था :**

(१) संघीय सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजश्व समेतका आधारमा गाउँपालिकाका वडाहरुलाई वित्तीय समानीकरण अनुदान र सुत्रमा आधारित अनुदान रकम निर्धारण गर्नेछ ।

(२) वडाहरुलाई अनुदान प्रदान गर्दा गाउँ कार्यपालिकाले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित वडाले त्यस्तो शर्तको पालना गर्नुपर्नेछ ।

**६. वित्तीय अनुशासन सम्बन्धी व्यवस्था :**

(१) बडीकेदार गाउँपालिकाले आफूले उठाएको राजश्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नुपर्नेछ ।

क) नेपाल सरकार तथा प्रदेश सरकारको आर्थिक तथा वित्तीय नीति अनुशरण गर्ने,

ख) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

ग) आय व्ययको वर्गिकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरे बमोजिम राख्नु पर्ने ।

**७. अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधिनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिन देखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयले गाउँपालिकालाई विनियोजन भएको रकम निकासा दिनेछ ।

(३) एक भन्दा बढी निकायबाट खर्च गर्ने गरि रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिन भित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँड गरि त्यसको जानकारी गाउँपालिका र सम्बन्धीत प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ ।

(५) गाउँपालिका सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा गाउँपालिकाले महालेखा नियन्त्रक कार्यालयको सहमति लिनु पर्नेछ ।

(६) उपदफा (५) जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिका सञ्चित कोष व्यवस्थापन प्रणाली समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा गाउँ प्रमुखको स्वीकृति लिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम संशोधन भएको जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ ।

८. कार्यविधि तथा मापदण्ड बनाउन सक्ने :

(१) यस ऐनको कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ ।

९. आदेश जारी गर्न सक्ने :

(१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा गाउँपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

## अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान धारा २२९ (२) बमोजिम

स्थानीय सञ्चित कोषबाट विनियोजन हुने रकम

| | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५७७२०३०० | ५४५०९१०० | | ११२२२९४०० |
| २ | वडागत वजेट | ५१५०००० | १७३५०००० | | २२५००००० |
| ३ | आर्थिक विकास क्षेत्र | ६३९७००० | ० | | ६३९७००० |
| ४ | सामाजिक विकास क्षेत्र | ४९५४५००० | ४५०००० | | ४९९९५००० |
| ५ | पूर्वाधार विकास क्षेत्र | १५०००० | ३५०००० | | ५००००० |
| ६ | वन तथा वातावरण क्षेत्र | १५००००० | ० | | १५००००० |
| ७ | सुशासन तथा संस्थागत विकास क्षेत्र | ११००००० | ० | | ११००००० |
| ८ | विभिन्न कोषहरु | ३०००००० | १७८१८६०० | | २०८१८६०० |
| ९ | सशर्त अनुदान | १८६९००००० | ४२८००००० | | २२९७००००० |
| १० | समपुरक अनुदान | ० | २००९३००० | | २००९३००० |
| ११ | विशेष अनुदान | १३३२५००० | ३३२५००० | | १६६५०००० |
| १२ | सामाजिक सुरक्षा | ५९२००००० | ० | | ५९२००००० |
| १३ | सशर्त हस्तान्तरित कार्यक्रमहरु | ६५३८५०० | १९६१५५०० | | २६१५४००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | गत आ.व. को भुक्तानी बाँकी दायित्व | ५९८५००० | १५९२८००० | | २१९१३००० |
| जम्मा | | ३९६५१०८०० | १९२२३९२०० | | ५८८७५०००० |